# उपाध्यक्ष श्री राजेश कुमार राजभण्डारीज्यूबाट प्रस्तुत आ.व. २०८१/८२ का लागि बजेट वक्तव्य

**यस गरिमामय सभाका आदरणीय सभाध्यक्ष महोदय, अतिथिज्यूहरु एवं सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

ऐसेलुखर्क गाउँपालिकाे आ.व. २०८१।०८२ को बार्षिक बजेट प्रस्तुत गर्न आज यस सम्मानित एवं गरिमामय सभा समक्ष उभिन पाउँदा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु।यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना गर्न विभिन्न कालखण्डमा भएका विभिन्न आन्दोलनहरुमा अमूल्य जीवन आहुति गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात वीर शहिदहरुप्रति म हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

जनताको अपार माया, स्नेह र विश्वासको मतका आधारमा हामी निर्वाचित भएर आएको छोटो समयमानै गाउँपालिका क्षेत्रमा विभिन्न रचनात्मक कार्यहरु जस्तै १५ शैयाको अस्पताल, गाउँपलिकाको प्रशासनिक भवन, बाह्रै महिना चल्ने गाउँपालिकाका गौरवका सडक निर्माण जस्ता उदाहरणीय आयोजनाहरु अगाडी बढाएका छौं । नेपालको संविधान, २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४ को मर्म र भावना, गाउँपालिकाले निर्माण गरेका विभिन्न ऐन, नियम र कार्यविधिहरुलाई आत्मासाथ गर्दै ऐसेलुखर्क गाउँपालिकाबासीहरुको जीवनस्तरलाई उकास्न र गाउँपालिकाले द्रुततर विकास गरी परिणाममूखि बनाउन गाउँपालिकाबासीका आवश्यकता र जनआकांक्षालाई परिपूर्ति गर्नका लागि अनवरत प्रयासरत छौं बजेट कार्यान्वयनको अवस्थामा विश्व आर्थिक मन्दी र यसबाट नेपालमा परेको असरले गर्दा राजश्व संकलनमा आएको संकुचनका कारण संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड र वित्तीय समानीकरण अनुदान वापतको रकममा कटौती आएको कारणले आर्थिक वर्षको अन्त्यमा बजेट संतुलित तरिकाले परिचालन गर्न कठिनाई भएको कुरा स्मरण गराउन चाहन्छु । यसका बाबजुद पनि सीमित स्रोत साधनलाई मितव्ययीतापूर्वक समान र सन्तुलित तवरबाट परिचालन गरी सबै खाले विकास निर्माणलाई अबलम्बन गर्दै सहज र सरल रुपमा सेवा सुबिधा उपलब्ध गराउन एबं त्यस्ता सेवा सुबिधालाई मितब्ययी, सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेसी, न्यायोचित दिगो र गुणस्तरयुक्त गराउदै गरिबी न्यूनिकरण र दिगो विकासको लक्ष्यलाई

बजेटले विशेष प्राथमिकतामा राखी गाउँपालिकाले आफ्ना क्रियाकलाप अगाडी बढाई रहेको कुरा अनुरोध गर्दछु ।

ऐसेलुखर्क गाउँपालिकाको २०८१/०८२ को नीति तथा कार्यक्रमलाई मुख्य आधार मान्दै संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानिकरण, शसर्त अनुदान, गाउँपालिकाको आन्तरिक आय, विकास साझेदार र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाबाट प्राप्त हुने रकम समेतलाई एकीकृत गरी ऐसेलुखर्क गाउँपालिकालाई भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास, सामाजिक न्याय र समानताको दृढ पक्षपोषण गर्दै सबै प्रकारका भेदभाव र अन्यायको अन्त्य गरी "सबैको लागि सम्वृद्धि" भन्ने नारालाई सार्थक बनाउन विकासको वरिपरी जनता हैन जनताको वरिपरी विकास भन्ने अवधारणालाई व्यवहारमा उतार्न निरन्तर लागिरहने कुरा अवगत गराउन चाहन्छु ।

सभाध्यक्ष महोदय तथा सदस्यज्यूहरु,

यो बजेट तयार गर्नको लागि स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, राजश्व परामर्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, सबै विषयगत समितिहरु, सबै वडा समितिहरु र ऐसेलुखर्क गाउँकार्यपालिकाका सबै विषयगत शाखाहरुसँग पर्याप्त छलफल गरी सबै आम नागरिकहरुको माग र आवश्यकताको आधारमा तयार पारिएको छ ।

त्यसै गरी आ.व. २०८१।०८२ को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न कुराहरुलाई आधार लिइ योजना छनौट गरिएको कुरा अवगत गराउन चाहान्छु ।

- नेपालको संविधान, २०७२
- गाउँपालिको नीति तथा कार्यक्रम
- संघीय तथा प्रदेश सरकारका नीति, बजेट तथा कार्यक्रम,
- स्थानीय सरकार सञ्चालन ऐन तथा विद्यमान कानूनहरु र विनियोजन विधयेक,
- दिगो विकासका लक्ष्य,
- ऐसेलुखर्क गाउँपालिकाको आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना
- सोह्रौ योजना,

- विभिन्न तह र तप्काबाट प्राप्त सुझावहरु तथा विगतको अनुभवको सिकाइ
- नागरिकहरुका माग र आवश्यकता साथै नेपाल सरकारबाट प्राप्त निर्देशिका तथा मार्गदशर्नहरु

सभाध्यक्ष महोदय तथा सदस्यज्यूहरु,

सर्बप्रथम अब म आर्थिक वर्ष २०७९/८० को यथार्थ आय व्यय र आर्थिक वर्ष २०८०/०८१ को आय र व्ययको संशोधित अनुमान प्रस्तुत गर्दछु।

**आर्थिक वर्ष २०७९/८० को आय र व्ययको यथार्थ विवरणः**

- राजश्व तर्फ आ.व. २०७९/८० को गाउँपलिका आन्तरिक आयबाट प्राप्त रकम रु.३६ लाख ५४ हजार २ सय ४२ रुपैया पैसा ६१ मात्र। संघीय सरकारबाट प्राप्त रावश्व बाडफाँड रु. **६ करोड** २२ लाख ५४ हजार ८ सय १ रुपैया पैसा ६४ मात्र र प्रदेश सरकारबाट प्राप्त सवारी कर बाडफाँड रु. २४ लाख २३ हजार ४९ रुपैया पैसा ७८ मात्र गरी ***जम्मा आन्तरिक आय रु. ६ करोड ८३ लाख ३२ हजार ९४ रुपैया पैसा ०३ मात्र*** ।
- संघीय सरकार वित्तिय समानिकरण अनुदान रु. ८ करोड २६ लाख २ हजार ५ सय, प्रदेश सरकार वित्तिय समानिकरण अनुदान **रु. ४१ लाख १० हजार ७ सय ५०**, संघीय सरकार सशर्त अनुदान २५ करोड १८ लाख ३४ हजार, प्रदेश सरकार सशर्त अनुदान **रु. ५८ लाख ५६ हजार**, संघीय सरकार समपुरक अनुदान १ करोड, प्रदेश समपूकरक कोष रु. १ करोड, संघीय सरकार विशेष अनुदान रु. १ करोड मात्र गरी वित्तीय हस्तान्तरणबाट प्राप्त ***जम्मा रु.३४ करोड ४४लाख ३ हजार २ सय ५० मात्र ।***
- सामाजिक सुरक्षा कार्यक्रममा **रु. ६ करोड २५ लाख ९४ हजार २ सय ८५, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रममा रु. ७ करोड १८ लाख ४ हजार ४ सय २० पैसा ६६ मात्र गरी** अन्तर सरकारी अख्तियारी तर्फ **जम्मा रु. १४ करोड ५३ लाख ४३ हजार ७ सय ३४ पैसा ६६ मात्र निकासा भएको छ ।**
- अन्तर सरकारी अख्तियारीबाट निकासा भएको बाहेक आ.व. २०७९/०८० को

कुल यथार्थ आय गाउँपालिकाको संचित कोषमा आम्दानी भएको आ.ब. २०७८/०७९ को संचित कोष अ.ल्या. रकम रु. ३ करोड ५ लाख ९८ हजार ७ सय ५० सहित **रु. ४७ करोड ३३ लाख ३४ हजार ९४ रुपैया मात्र रहेकोमा उक्त कुल आय मध्ये निकासा फिर्ता रु. ४ करोड २४ लाख ५८ हजार ६ सय ७८ पैसा २७ मात्र र खर्च हुन बाकी गाउँपालिकाको संचित कोष खातामा फिर्ता रु. ३ करोड १३ लाख ८४ हजार ८ सय ७४ पैसा ३७ मात्र  हुन गै आ. व. २०७८/०७९ को कुल यथार्थ** खर्च रु.४२ **करोड १५ लाख** ४७ **हजार ३ सय एकतिस मात्र रहेको छ** । यो खर्च कुल आयको ***८९.०५ प्रतिशत*** हुन आउछ ।

- अन्तर सरकारी अख्तियारी मार्फत निकासा बराबरको रकम खर्च भएको जानकारी गराउन चाहान्छु ।

**चालु आर्थिक वर्ष २०८०/०८१ को आय व्ययको संशोधित अनुमानः**

- चालु आ. व. २०८०/०८१ कुल बजेट विनियोजन ऐन अनुसार **रु. ४५ करोड ६० लाख ९९ हजार ९ सय मात्र** भएकोमा विनियोजन ऐन पारीत भै सके पश्चात विनियोजन ऐनमा उल्लेखित सिलिङ बाहेक कुनै थप बजेट संघीय सरकार तथा प्रदेश सरकारबाट हालसम्म कुनै प्रकारको वित्तीय हस्तान्तरण भएको छैन अन्तर सरकारी अख्तियारी मार्फत सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रममा रु. ५ करोड ७६ लाख ९७ हजार ७ सय  ७६ रुपैयाँ र एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रममा रु. ४ करोड ८८ लाख ७ हजार २ सय ३७ र पैसा २६ र राष्ट्रपति महिला सशक्तिकरण परियोजना अन्तर्गत रु ८ लाख ९० हजार गरी जम्मा रु.१० करोड ७३ लाख ९५ हजार तेह्र रुपैया हाल सम्म निकासा प्राप्त भै खर्च भएको देखिन्छ भने देशको आर्थिक अवस्था कमजोर भएको कारण संघीय सरकार वित्तीय समानिकरण अनुदान रकममा २५.८९ प्रतिशत कटौती हुने जानकारी प्राप्त भएको र आजका दिन सम्म कुल अनुमानित आयमा ५ करोड ८ लाख ५१ हजार २ सय २८ रुपैंया मात्र निकासा हुन बाँकी रहेकोले गाउँपालिकाबाट विनियोजन भएका र सम्पन्न भै सकेका योजना र कार्यक्रमको भुक्तानीमा प्रत्यक्ष प्रभाव पर्ने देखिन्छ ।

**सभाध्यक्ष महोदय तथा सदस्यज्यूहरु,**

अब म आ.व.२०८१/०८२ को बजेटको सोच, उद्देश्यहरु र प्राथमिकताहरुको चर्चा गर्न गइरहेको छु :

(क) सोचः उन्नत, सिर्जनशिल र सम्वृद्ध ऐसेलुखर्क गाउँपालिकाको निर्माण गर्ने ।

(ख) उद्देश्यः

- कृषिमा आत्मनिर्भर बनाउन व्यवसायिकरण जोड दिनुका साथै उत्पादनमा आधारित अनुदानको व्यवस्था गर्ने ।
- आर्थिक वृद्धिदर उच्च राख्ने । रोजगारी सृजना गरी गरिवी निवारण जोड दिने।
- पर्यटन क्षेत्रको विकासमा जोड दिने ।
- गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराइ स्वस्थ जनजीवन बनाउने ।
- लैंगिक समानता, समतामूलक, समावेशी, सुरक्षित, सभ्य र न्यायपूर्ण समाजको निर्माण गर्ने ।
- गुणस्तरिय, समानुपातिक र दिगो पुर्वाधार क्षेत्रको विकास गरी जनजीवनलाई पहुँचयोग्य, मर्यादित र सहज बनाउने ।
- विपत हुन नदिन न्युनिकरणका उपाय अबलम्बन गर्ने साथै वातावरण स्वच्छ र सन्तुलित राख्ने ।
- गाउँपालिकावाट प्रवाह हुने सेवाहरुलाई सरल, सहज र प्रविधिमैत्री बनाउने साथै सुशासन कायम राख्ने ।

यी उद्देश्यहरु हासिल गर्नका लागि यस बजेटका प्राथमिकताहरु देहाय बमोजिम निर्धारण गरेको छु

- ✓ कृषि पर्यटन प्रवर्धन तथा कृषि प्रविधिको आधुनिकिरण र व्यवसायिकरण गर्ने किसिमका कार्यक्रमहरु
- ✓ कम लगानीबाट उच्च प्रतिफल दिने र आर्थिक विकासमा प्रत्यक्ष योगदान पुर्याउने खालका कार्यक्रमहरु ।
- ✓ विभिन्न खाले महामारीबाट बच्ने, जीवन रक्षा गर्ने, निरन्तर चेतना जगाउने कार्यक्रमहरु।

- ✓ स्वास्थ्य र शिक्षालाई प्राथमिकतामा राख्दै सामाजिक विकासका क्षेत्रमा सघाउ पुऱ्याउने किसिमका कार्यक्रमहरु।
- ✓ गाउँपालिकाका गौरवका सडक पूर्वाधार निर्माण र स्तरोन्नती, आम नागरिकहरुको सहज पहुँचमा टेवा पुऱ्याउने सडक तथा पूर्वाधारका आयोजनाहरु ।
- ✓ स्थानीय गौरवका योजनाहरु तथा चालु आ.व.मा शुरु भै विविध कारणले सम्पन्न नभएका ठूला योजनाहरु।
- ✓ गाउँपालिकाको आवधिक योजनाले लिएका उद्देश्य पुरा गर्ने खालका कार्यक्रमहरु ।
- ✓ समावेशी र सन्तुलित विकासमा सहयोग पुऱ्याउने कार्यक्रम तथा आयोजनाहरु ।
- ✓ स्वरोजगारमूलक तालिम, उद्यम विकासको माध्यमबाट रोजगारी सृजना गर्ने साथै स्थानीय उत्पादनमा वृद्धि गरी आत्मानिर्भर बनाउदै गरिवी निवारणमा जोड दिने खालाका कार्यक्रमहरु ।
- ✓ सेवा प्रवाहलाई आधुनिक प्रविधिमैत्री, जनमुखि र नतिजामुखि, जनउत्तरदायी र पारदर्शी बनाउदै सुशासन कायम गर्ने साथै प्रशासकीय र व्यवस्थापकीय क्षमता, कानुनी र संस्थागत क्षमतालाई समय अनुकुल वृद्धि हुने कार्यक्रमहरु ।

सभाध्यक्ष महोदय,

अब म यिनै उद्देश्य तथा प्राथमिकताका आधारमा रही तयार गरिएको आर्थिक वर्ष २०८१।०८२ को कुल अनुमानित आय र विनियोजन तथा स्रोत समेतको वार्षिक बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**आयतर्फः**

ऐसेलुखर्क गाउँपालिकाको आ.व.२०८१/०८२ को लागि **रु.४३ करोड ९४ लाख ८६ हजार रुपैया** मात्रको अनुमानित बजेट प्रस्तावित गरेको छु।उक्त प्रस्तावित बजेटको खर्च व्यहोर्ने स्रोतहरुमाः

- ➢ गाउँपालिकाको आन्तरिक आयबाट प्राप्त रकम **रु. २६ लाख ५० हजार मात्र** प्राप्त

हुने अनुमान गरेको छु ।

- संघीय सरकारबाट प्राप्त रावश्व बाँडफाँड **रु. ७ करोड ९७ लाख ५० हजार**, प्रदेश सरकारबाट प्राप्त सवारी कर बाडफाँड **रु. २५ लाख ८५ हजार मात्र** गरी कुल राजश्व बाँडफाँड जम्मा ***रु.८ करोड २३ लाख ३५ हजार*** मात्र अनुमान गरेको छु ।
- संघीय सरकार वित्तीय समानिकरण अनुदान **रु. ७ करोड ९३ लाख**, संघीय सरकार सशर्त अनुदान चालु **रु. २१ करोड ४१ लाख ५५ हजार,** संघीय सरकार सशर्त अनुदान पूजिगत **रु १० लाख,** संघीय सरकार समपूरक अनुदान **रु.१ करोड ५० लाख, संघीय सरकार** विशेष अनुदान **रु. १ करोड ३५ लाख** गरी संघीय बजेट **जम्मा *रु. ३२ करोड १९ लाख ५५ हजार* मात्रको अनुमान छ भने ।**
- प्रदेश सरकार वित्तीय समानिकरण अनुदान **रु. ४६ लाख ९५ हजार,** प्रदेश सरकार सशर्त अनुदान चालु **रु. १७ लाख ५१ हजार**, प्रदेश सरकार सशर्त अनुदान पूजिगत रु. १ करोड ५६ लाख, प्रदेश सरकार समपूरक अनुदान **रु. ९५ लाख** गरी कोशी प्रदेश सरकारबाट जम्मा ***रु. ३ करोड १५ लाख ४६ हजार*** मात्रको अनुमान गरेको छु ।

**विनियोजन तर्फः**

- विभिन्न विषयगत शाखाका विभिन्न कार्यक्रम साथै अन्य विविध कार्यक्रम तथा योजना निर्माणका लागि प्राप्त संघीय सशर्त अनुदानबाट व्यहोर्ने गरी चालु कार्यक्रम तर्फ **रु. २१ करोड ४१ लाख ५५ हजार** र पूजिंगत तर्फ **रु.१० लाख** विनियोजन गरेको छु भने प्रदेश सरकार सशर्त अनुदानबाट व्यहोर्ने गरी चालु तर्फ **रु. १७ लाख ५१ हजार र पूजिंगत कार्यक्रमको लागि १ करोड ५६ लाख** विनियोजन गरेको छु ।
- संघीय सरकारबाट प्राप्त समपूरक अनुदानसँग गाउँपालिकाले ५० प्रतिशत रकम साझेदारी हुने गरी ऐसेलुखुर्क फापरश्वारा देखि ज्यामिरे वडा कार्यालय सडक स्तरोन्नतिका लागि **रु.१ करोड ५० लाख,** प्रदेश सरकारबाट प्राप्त समपूरक अनुदानसँग गाउँपालिकाले ३५ प्रतिशत रकम साझेदारी हुने गरी ऐसेलुखर्क

बजार ढलान (क्रमागत) को लागि **रु. ४० लाख** विनियोन गरेको छु ।

- संघीय सरकार विशेष अनुदानबाट ऐसेलुखर्क गाउँपालिकाको शैक्षिक विकास (डिजिटाइज स्कुल) र साक्षरता सुधार परियोजना कार्यक्रमको लागि **रु.*१ करोड ३५ लाख*** विनियोजन गरेको छु ।
- संघीय सरकार प्रदेश सरकार र अन्य विभिन्न विकास साझेदार संस्थाहरुसँगको साझेदारी कार्यक्रमहरुको लागि **रु. ८० लाख** विनियोजन गरेको छु ।
- वडागत पूजिगत योजनाहरुका लागि **रु. १ करोड २ लाख मात्र** विनियोजन गरेको छु ।

- गाउँपालिकाभित्रका पुराना सडक मर्मतको लागि रु २० लाख विनियोजन गरेको छु भने आर्थिक, सामाजिक र पूर्वाधार क्षेत्रका विविध योजनाको लागि एकमुष्ठ १५ लाख विनियोजन गरेको छु ।
- स्थानीय सरकार, सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश सरकार र करुणा फाउण्डेशन, नेपालको त्रिपक्षीय लागत साझेदारी र अपाङ्ग महासंघ, नेपालको प्राविधिक सहयोगमा अपाङ्गता भएका व्यक्तिहरुको "अपाङगता रोकथाम तथा पुनःस्थापना कार्यक्रम" सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु ।
    - पदाधिकारी सेवा सुविधा, कर्मचारी तलब भत्ता लगायत कार्यालयको प्रशासनिक खर्च र सबै वडा कार्यालयको प्रशासनिक खर्च र चालु प्रकृतिका खर्चको लागि संघीय सरकार राजश्व बाँडफाँड प्रदेश सरकार सवारी कर बाँडफाँड र आन्तरिक राजश्वबाट खर्च व्यहोर्ने गरी **रु. ८ करोड ४९ लाख ८५ हजार** मात्र विनियोजन गरेको छु ।
    - नेपाल मध्यस्थता परिषद् (नेप्का) बाट गाउँपालिकाको प्रशानिक भवन निर्माण व्यवसायीसँग मेलमिलाप भै सो अनुसार गाउँपालिकाको प्रशासनिक भवनको निर्माण कार्य सम्पन्न गरी यथाशिघ्र सो भवनबाट प्रशासनिक कार्य सुचारु गर्नको लागि रु. १ करोड ३० लाख रकम विनियोजन गरेको छु ।
    - लिदिङखोला पक्की पुललाई निर्माण सम्पन्न गर्नको लागि आवश्यक रकम विनियोजन गरेको छु ।
    - १५ शैया अस्पताल निर्माण कार्य सम्पन्न गर्नको लागि गाउँपालिकाले व्यहोर्ने

साझेदारी रकम रु. १ करोड ५० लाख विनियोजन गरेको छु ।

- गाउँपालिकाले आवश्यकताका आधारमा प्राथमिकिरण गरेका सडक योजनाहरुको गाउँपालिकाकै व्याक हो लोडर र स्काभेटरबाट निर्माण, स्तरोन्नती तथा मर्मत गर्न ईन्धनका लागि यान्त्रिक उपकरण कोषमा जम्मा हुने गरी रु. ५० लाख विनियोजन गरेको छु।

**<u>क्षेत्रगत विनियोजनः</u>**

सशर्त अनुदानमा तत् तत् क्षेत्रमा क्षेत्रगत विनियोजन कार्यान्वयन गरिने छ । वित्तीय समानिकरणतर्फ माथि उल्लेखित एसेलुखर्क गाउँपालिकाका निर्माणाधिन ठूला आयोजनाहरुमा बजेट केन्द्रीत भएकोले क्षेत्रगत विनियोजन पछि अ.ल्या बजेट एकिन भए पछि विनियोजन गर्ने प्रस्ताव गरेको छु ।

अन्त्यमा,

यो बजेट तथा कार्यक्रम तयारीको लागि आवश्यक सहयोग गर्नु हुने विभिन्न विषयगत समितिहरु, कार्यपालिकाका सम्पूर्ण सदस्यज्यूहरु, राजनैतिक दलका पदाधिकारीहरु, शिक्षक, बुद्धिजिवी, समाजसेवी र सम्पूर्ण शाखाका कर्मचारीहरु र ऐसेलुखर्क गाउँपालिकाका आम नागरिकहरुमा म हार्दिक धन्यबाद सहित यो बजेट कार्यान्वयनमा पूर्ण सहयोगको अपेक्षा गर्दछु । साथै आ.व.२०८१/०८२ को लागि यो विनियोजन विधेयक, २०८१ र अर्थ विधेयक, २०८१ समेत यस सम्मानित एवं गरिमामय सभामा पेश गर्दछु र आवश्यक छलफल गरी पारितको लागि हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद !!

ऐसेलुखर्क गाउँपालिका